# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ पेरिसमा हुने नेपाल सहायता समूहको बैठकमा भाग लिन जानुभएको र सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशी-नारायण शाह पनि सोही कामको सिलसिलामा जानुभएकोले सचिव श्री लोकबहादुर श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४५।७।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव डा. नरसिंहनारायण सिंह युनेस्कोको चौबीसौं साधारण सभाले पारित गरे अनुसार बैंककमा आयोजना हुने एशिया प्यासिफिक प्रोग्राम अफ एजुकेशन फर अल सम्बन्धी बैठकमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजंग थापालाई मिति २०४५।७।२८ देखि कायय मुकायम मुकरर गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४५।७।१७ को निर्णयानुसार पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका अतिरिक्त सचिव श्री श्यामप्रसाद अधिकारीलाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय जनसंख्या आयोगको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।